३१. **बीमा तथा कार्यस्थलमा सुरक्षाः** रोजगार आयोजनामा खटाइएका लाभग्राहीको कार्यस्थलमा सुरक्षा तथा बीमा सम्वन्धी व्यवस्था निर्देशिकाको दफा ८७ र यस कार्यविधिको दफा ७४ उपदफा ६ बमोजिम हुनुपर्नेछ।[३]

## परिच्छेद-५
## सीप विकास तथा जीवन उपयोगी तालिम

३२. **सीप विकास तालिम सञ्चालन** : (१) दफा १७ बमोजिम छनौट भएका लाभग्राहीको रोजगार योग्य क्षमता अभिबृद्धि गर्न चालीस दिनसम्मको कार्यस्थलमा आधारित सीप विकास र दश दिनसम्मको जीवन उपयोगी सीप विकास गरी कूल पचास दिनसम्मको सीप विकास तालिम सञ्चालन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम तालिममा सहभागी लाभग्राहीलाई दैनिक हाजिरीको आधारमा दफा २८ को उपदफा (१) बमोजिमको ज्याला दर अनुसार भुक्तानी गर्नु पर्नेछ।

३३. **कार्यस्थलमा आधारित सीप विकास तालिमको पाठ्यक्रम तर्जुमा** : (१) दफा ३२ को उपदफा (१) बमोजिमको कार्यस्थलमा आधारित सीप विकास तालिम सञ्चालन गर्न इकाईले सैद्धान्तिक र व्यवहारिक दुवै पक्षलाई समेटी देहायका विषयमा पाठ्यक्रम निर्माण गर्नेछः-

(क) सडक मर्मत तथा सम्भार,

(ख) सिकर्मी,[४]

(ख१) डकर्मी,[५]

(ग) प्लम्बर,

(घ) इलेक्ट्रिसियन, र

(ङ) इकाईले उपयुक्त देखेको अन्य रोजगारमूलक तालिम।

(२) पाठ्यक्रम र सो को मापदण्ड व्यावसायिक तथा सीपमूलक तालिम प्रतिष्ठान वा अन्य सरकारी निकायले निर्धारण गरे बमोजिम हुनेछ।

(३) स्थानीय तहले तालिम सञ्चालन गर्दा आफ्नो क्षेत्रधिकार अन्तरगत रहेका सरकारी,निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरुसँग सहकार्य गर्न सक्नेछ।

---

[३] पहिलो संशोधनबाट संशोधित

[४] पहिलो संशोधनबाट संशोधित

[५] पहिलो संशोधनबाट थप

CS CamScanner

**३४. जीवन उपयोगी तालिम पाठ्यक्रम** : (१) जीवन उपयोगी तालिमको पाठ्यक्रम तय गर्दा विषयहरु समावेश गर्नु पर्नेछ :-

(क) समस्या पहिचान तथा निर्णय गर्ने क्षमता,

(ख) प्रभावकारी सञ्चार, सामुहिक कार्य सम्पादन, सम्बन्ध विस्तार तथा द्वन्द्व समाधान,

(ग) जागरुकता, आत्मसम्मान, विचार सम्प्रेषण तथा तनाव व्यवस्थापन सम्बन्धी सचेतना,

(घ) यौन तथा प्रजनन्, परिवार नियोजन, महिला हिंसा र महिला सशक्तिकरण,

(ङ) वित्तीय साक्षरता,

(च) श्रम बजार र सोको लागि आवश्यक पर्ने आचरण,

(क) श्रम कानून संगसम्बन्धित व्यावसायिक स्वास्थ्य तथा सुरक्षा र श्रमिकको अधिकार।

(२) जीवन उपयोगी तालिम सञ्चालनमा गर्दा रोजगार सेवा केन्द्रले देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) लाभग्राहीको संख्याको आधारमा तालिम लिने समूहको निर्माण गर्नु पर्ने,

(ख) तालिम सञ्चालन हुने उपयुक्त स्थानको छनौट गर्नु पर्ने,

(ग) तालिम सञ्चालनका लागि दिन र समयतालिका लगायतको निर्धारण,

**३५. तालिम सञ्चालन प्रक्रिया**[६] : (१) इकाईले दफा ३२ बमोजिमको तालिम सञ्चालन हुने स्थानीय तहको निर्क्योल गरि सशर्त अनुदान उपलव्ध गराउनु पर्नेछ।

(२) स्थानीय तहले नेपाल सरकारबाट सञ्चालन भएका सीप विकास प्रतिष्ठान मार्फत वा निजी तालिम प्रदायक संस्थाबाट दफा ६१ बमोजिम सेवा प्रदायक छनौट गरि तालिम सञ्चालन गर्नुपर्नेछ।

(३) तालिम सञ्चालन गर्दा ईकाइले दफा ३३ को उपदफा (१) बमोजिम उपलव्ध गराएका विषयका पाठ्यक्रम मध्येबाट तालिम सञ्चालन गर्न सक्नेछन्।

---

[६] पहिलो संशोधनबाट संशोधित

CS CamScanner